### ३५ औं विश्व एड्स दिवस
### “एड्स अन्त्यका लागि समानताको सुनिश्चितता”
### "To Keep Everyone Safe, To Protect Everyone’s Health, We Need To Equalize"

# विश्व र नेपालमा एचआईभी र एड्सको अवस्थाको एक झलक:

## विश्वमा एचआईभी र एड्सको अवस्था

- विश्वमा सन् १९८१ मा पहिलो एच आई भी संक्रमित रिपोर्ट भएदेखि सन् २०२१ को अन्त्य सम्म ८ करोड ४२ लाख व्यक्तिहरु एचआइभीवाट संक्रमित भइ सकेका छन र त्यसै गरि ४ करोड १० लाख व्यक्तिहरुको एड्सको कारणले मृत्यु भइ सकेको छ।
- सन् २०२१ को अन्तसम्म संसारमा ३ करोड ८४ लाख व्यक्तिहरुमा एचआईभी संक्रमण भएको अनुमान छ।
- सन् २०२१ मा **१५ लाख नयाँ संक्रमण** भएको अनुमान गरिएको छ जुन सन् १९९६ को तुलनामा ५४ प्रतिशतले घटेको छ। सन् १९९६ मा ३२ लाख नयाँ संक्रमण थियो। **चित्र नम्बर १** मा सन् १९९० देखि २०२१ सम्ममा विश्वमा नयाँ एचआईभी सक्रमण को अवस्था र सन् २०२५ सम्ममा नयाँ संक्रमण घटाउने लक्ष्य देखाईएको छ।
- सन् २०२१ मा १ लाख ५० हजार बच्चाहरुमा नयाँ संक्रमण भएको अनुमान गरिएको छ। जुन सन् २०१० को तुलनामा ५२ प्रतिशतले घटेको छ। सन् २०१० मा ३ लाख २० हजार बच्चामा नयां संक्रमण भएको अनुमान थियो।
- सन् २०२१ मा मात्रै करीब **६ लाख ५० हजार व्यक्तिहरुको एड्सको कारणले मृत्यु** भएको अनुमान छ, जुन सन् २०१० को तुलनामा ५२ प्रतिशतले कम हो। सन् २०१० मा १४ लाख व्यक्तिहरुको एड्सको कारणले मृत्यु भएको अनुमान थियो। **चित्र नम्बर २** मा सन् १९९० देखि २०२१ सम्ममा विश्वमा एड्सको कारणले मृत्यु को अवस्था र सन् २०२५ सम्ममा एड्सको कारणले मृत्यु घटाउने लक्ष्य देखाईएको छ।
- सन् २०२१ सम्ममा कुल एचआइभी संकमित ३ करोड ८४ लाख मध्य ७५ प्रतिशत (२ करोड ८७ लाख) मात्र एन्टीरेट्रोभाईरल (एआरभी) उपचारमा छन्।
- विश्वमा हरेक दिन ४००० मानिसहरु एचआईभी संक्रमित हुन्छन्।
- **दीगो विकास लक्ष्य:** सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्यलाई हासिल गर्न **९५:९५:९५** [अर्थात ९५ प्रतिशत एचआइभी संक्रमितहरुले आफ्नो संक्रमण अवस्थाबारे थाहा पाउने, ती मध्ये ९५ प्रतिशतको औषधी उपचारमा पहुँच हुने र ती औषधी खानेहरु मध्ये ९५ प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून भएको हुने] र एचआइभीको **जाँच र उपचार** को रणनितिमा आधारित भएर एचआइभी तथा एड्स सम्बन्धि कार्यक्रमहरु संचालन भइरहेको छन्। अवस्था **चित्र नम्वर ३** मा देखाइएको छ।

**चित्र नम्बर १. विश्वमा नयाँ एचआईभी संक्रमणको अवस्था सन् १९९०-२०२१ र २०२५ सम्मको लक्ष्य**




Source: UNAIDS epidemiological estimates, 2022 (https://aidsinfo.unaids.org\).